त्यस कम्पनीको मिति २०८१/०७/११ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय वमोजिम तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी त्यस कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी त्यस कम्पनीको प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी काठमाडौं **समिट एडभेन्चर प्रा.लि.** कायम गर्न गरिएको संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ पठाइएको व्यहोरा मिति २०८१/०७/२१ को निर्णयानुसार जानकारी गराइन्छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०७।२१ गते काठमाडौं जिल्ला, तारकेश्वर मनमैजु हाइटमा पार्किङ गरी राखेको अवस्थामा राता/कालो रङ्गको 220cc FAbs Pulsar मोटरसाइकल साँझको करिब ६:०० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : हाम्रो बहुउद्देश्यी सहकारी संस्था**
**ऋणी : नारायण श्रेष्ठ**
**चालक : राजकुमार श्रेष्ठ**
**बाइक नं.: बा.प्र. ०२०४१ प ०५३७**
**च्यासिस नं.: MD2A13EX6MCJ97621**
**इन्जिन नं. :** DKXCMJ 31956
**ठेगाना: ककनी-७, नुवाकोट**
**सम्पर्क: ९७०४६४३३१६**

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८१/०७/२६

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन बन कार्यालय, बाँकेको च.नं. २६७१ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमती बमोजिम उत्पादित काठ र दाउरा मध्ये समूहमा आन्तरिक खपत भइ बाँकी रहेका गोलिया काठ तथा दाउरालाइ डिभिजन वन कार्यालय बाँकेको च.नं. १०२६ मिति २०८१/०७/०६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, कर्मा, खयरलगायत अन्य जातका गोलिया थान १२०० को ४४५६ क्यू. फिट काठ र साललगायत अन्य जातको दाउरा १६.५ चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिनको लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै शिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको दिँउसो १२:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यलयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सिद्दसाइ कुमारी सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी २, बाँके


## साउदीमा रोजगार

कम्पनी : TAURANI HOLDINGS ARABIA LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313265 | चलानी नं. ६०२२७७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 3000 | १,०८,४०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३ गते (18th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

## साउदीमा रोजगार

कम्पनी : KADAN BUSINESS COMPANY FOR OPERATION AND MAINTENANCE.

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ | LT. No. 313263 | चलानी नं. ६०२२७६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 10 | 0 | 1000 | ३६,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३ गते (18 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC

पुर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२५ | LT. No. 303247 | चलानी नं.६०२१८०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 200 | 25 | 2000 | ७३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: नाइल इन्टरनेशनल टेक्निकल ट्रेनिङ सेन्टर सिनामंगल,काठमाडौं मिति: २०८१ मंसिर ३ र ४ गते (18th and 19th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Silver Corner International Pvt. Ltd..(AL RAYAN OVERSEAS)**
Sinamangal, Kathmandu, Nepal, Ph. No: 01-4591469
E-mail : silvercornernepal@gmail.com, Website : silvercornerinternational.com
Govt. License No. 1116/073/074

## साउदीमा रोजगार

कम्पनी : FACTORY OF TAIBA JEWELRY AND JEWELRY COMPANY BRANCH OF TAIBA JEWELRY AND JEWELRY COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८१/०७/२५ | LT. No. 313207 | चलानी नं. ६०२२७७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 20 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३ गते (18th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np
श्रम इजाजत नं. १४००/०७४/०७५


## Karnali Province Sports Development Council

Birendranagar, Surkhet

### Invitation for Bids (IFB No: 02-081/082)

**Date of First Publication: 2081/07/26 (11th November, 2024)**

1. Karnali Province Sports Development Council, Birendranagar, Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures.

| S N. | Contraction Identification No./Description of Work | Average annual Construction Turnover of best 3 years within the last 10 years (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity and Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|
| 1 | **(KPSDC/SKT/W/NCB/02/081-082),** Construction of Chaurjahari Football Stadium, Chaurjahari, West Rukum. | 26,54,00,000.00 | 53,00,000.00 | 120 days and 150 days from Bid Opening date / 10,000.00 |

2. For more detail information visit PPMO website: http://www.bolpatra.gov.np/egp and office website: www.sports.karnali.gov.np

**Member Secretary**

# लम्कीचुहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :– २०८१/०७/२६

मिति २०८१।०६।२२ गते प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | 04/LCM/G/ 2081/082 | Procurement of Medicines | Medigold International Private Limited Midthimi-01,Bhaktapur | 1129673.43 |

प्रमुख प्रशासकिय अधिकृत

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/२६

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : मिरा नेपाली (धितो कर्जा)- शाखा कार्यालय मन्थली** (ना.प्र.नं. ७०८४५, मिति २०६२/०१/०५ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : मन्थली ०१, रामेछाप<br>पति : इन्द्र बहादुर दमाई, ससुरा : चेतमान दमाइ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. दिपक नेपाली** (ना.प्र.नं.२१-०१-७२-०१२६८, मिति २०७२/०३/२१ मा जि.प्र.का.रामेछापबाट जारी भएको)<br>बाबु : इन्द्र बहादुर दमाइ ,बाजे : चेतमान दमाई<br>**२. इन्द्र बहादुर दमाई** (ना.प्र.नं. ३४८१२, मिति २०५३/१०/०६ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : चेतमान दमाई, बाजे : गंगटे दमाई | २. | **ऋणी : आर.एस.जि. माझी. कृषि फार्म (आवधिक कर्जा)- शाखा कार्यालय मलेखु**<br>दर्ता नं. २१६४०८/७५/०७६, ठेगाना : गण्डकी गा.पा. ०८, गोरखा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. राजेन्द्र माझी** (ना.प्र.नं. ४४१०१३/४०६, मिति २०६७/०२/०४ मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : भीम बहादुर माझी, बाजे : सुवाल माझी<br>**२. शुभाष माझी** (ना.प्र.नं. ४४-०१-७२-१०२१५, मिति २०७२/१२/०४ मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : मिन बहादुर माझी, बाजे : बखान सिं माझी<br>**३. मिन बहादुर माझी** (ना.प्र.नं. ३३५३५, मिति २०४८/११/२२ मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : बखान सिं माझी, बाजे : जुठे माझी |
| ३. | **ऋणी : महतो टेक्सटाइल (लघु आवधिक कर्जा)- शाखा कार्यालय टेकु**<br>प्रइभेट फर्म दर्ता नं. ४२४२, ठेगाना : का.म.न.पा. २१, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. बुद्धिराम महतो** (ना.प्र.नं. ०४२०१५६३, मिति २०४४/११/१८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>बाबु : पलट महतो, बाजे : जिया महतो<br>**२. सरोज महतो** (ना.प्र.नं. १८२०६८/८२०, मिति २०६९/१०/०२ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>बाबु : बुद्धिराम महतो, बाजे : पलट महतो<br>**३. फुल कुमारी महतो** (ना.प्र.नं. १८२०६८/१६२, मिति २०६६/०८/१० मा जि.प्र.का.महोत्तरीबाट जारी भएको)<br>पति : बुद्धिराम महतो, ससुरा : पलट महतो | ४. | **ऋणी : राज कुमार श्रेष्ठ (सवारी साधन कर्जा)- शाखा कार्यालय टेकु,** (ना.प्र.नं. २२६६/०४६, मिति २०४६/०५/०६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>ठेगाना : गोंगबु ०७, काठमाडौं<br>बाबु : रत्न कुमार श्रेष्ठ, बाजे : सिद्धि कुमार श्रेष्ठ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सुनिल श्रेष्ठ** (ना.प्र.नं. ३०-०१-७१-१०२८८, मिति २०७१/१२/०२ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : राज कुमार श्रेष्ठ, बाजे : रत्न कुमार श्रेष्ठ<br>**२. कृष्ण मायाँ श्रेष्ठ** (ना.प्र.नं. ४२६/२३७६, मिति २०४६/०२/१० मा जि.प्र.का. सिन्धुपालचोकबाट जारी भएको)<br>पति : राज कुमार श्रेष्ठ, ससुरा : रत्न कुमार श्रेष्ठ |
| ५. | **ऋणी : तुलाराज लामा (व्यक्तिगत मोर्टगेज कर्जा)- शाखा कार्यालय मन्थली.** (ना.प्र.नं. ३५३१४, मिति २०५३/११/२९ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : रामेछाप न.पा. ०८ रामेछाप, बाबु : धावा लामा, बाजे : जन्टे लामा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सनमाया तामाङ** (ना.प्र.नं. ७९९०, मिति २०४५/०२/०८ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : धावा लामा, बाजे : जन्टे लामा<br>**२. शान्ता लामा** (ना.प्र.नं. ३५३२१, मिति २०५३/११/२९ मा जि.प्र.का. रामेछापबाट जारी भएको), पति : तुलाराज लामा, ससुरा : धावा लामा | ६. | **ऋणी : ओम सटिङ सुटिङ सिलाई एण्ड प्रशिक्षण केन्द्र (नगद क्रेडिट कर्जा)- शाखा कार्यालय मन्थली**<br>प्रा.फ.र.नं. १६१५/०७०/०७१, ठेगाना : मन्थली न.पा. ०८, रामेछाप<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. ज्ञान बहादुर दर्जी** (ना.प्र.नं. ५७२७४, मिति २०५९/०८/०८ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : जनक बहादुर दर्जी, बाजे : कर्ण बहादुर दर्जी<br>**२. कमला दर्जी** (ना.प्र.नं. २१-०१-६९-३२९८७, मिति २०६९/०६/१८ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>पति : ज्ञान बहादुर दर्जी, ससुरा : जनक बहादुर दर्जी |
| ७. | **ऋणीहरु :**<br>**क) फेमिलि युटेन्सील म्यानुफ्याक्चर्स (विविध कर्जा)- शाखा कार्यालय धरान**, प्रा.फा.नं. : ४५३५/प्रा.फ.३१९/०५६/०५७<br>ठेगाना : धरान उ.म.न.पा. ०८, सुनसरी<br>**ख) कृष्मा ट्रेडर्स (विविध कर्जा)**, प्रा.फ.र.नं. : ६८७१/०७५/०७६, ठेगाना : धरान उ.म.न.पा. १५, सुनसरी<br>**ग) प्रतिष्मा ट्रेडर्स (आवधिक कर्जा)**, प्रा.फ.र.नं. : ८५०११/०७७/०७८, ठेगाना : धरान उ.म.न.पा. १५, सुनसरी<br>**घ) पीयूष राज आचार्य (धितो कर्जा)**, ठेगाना : धरान उ.म.न.पा. १५, सुनसरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. पीयूष राज आचार्य** (ना.प्र.नं. ३१९, मिति २०४७/०४/३१ मा जि.प्र.का. धनकुटाबाट जारी भएको)<br>बाबु : लेख राज आचार्य, बाजे : खगेन्द्र राज आचार्य<br>**२. कृष्ण मायाँ शाक्य** (आचार्य) (ना.प्र.नं. २६१, मिति २०२१/०३/२२ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : चन्द्र बहादुर शाक्य, बाजे : हर्ष बहादुर शाक्य<br>**३. कपिला कोइराला** (ना.प्र.नं. १८८९, मिति २०५५/०३/२१ मा जि.प्र.का. इलामबाट जारी भएको)<br>बाबु : डिग बहादुर कोइराला, बाजे : चन्द्र बहादुर कोइराला | | |

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### नैतिकता सिकाउने लिलाबल्लभको लिला

कोशीका निवर्तमान कानुनमन्त्री लिलाबल्लभ अधिकारी यतिबेला अनुसन्धानका लागि कानुनी कठघरा पुगेका छन् । छँदाखाँदाको मन्त्री पदको दुरूपयोग गर्दै केही युवालाई लिएर सुटुक्क जापान गएपछि उनी प्रश्नको घेरामा परेका थिए । विवादमा तानिएका अधिकारी देश फर्कनासाथ के दुरुस्त पारे भने नैतिकता देखाउँदै राजीनामा दिन भ्याए । बुधबार राजीनामा दिएका उनलाई धेरैले प्रेरणाको स्रोतका रूपमा हेरे । राजनीतिमा नैतिकता भनेको लिलाबल्लभबाट सिक्नुसम्म भने । आफूसँगै जापान भिडाएर पठाएका तीन युवासम्मलाई त्यहाँ भाग्न नदिई नेपाल ल्याएको बहादुरी मन्त्रीको अर्को सफलता थियो । यस्तो उदाहरणीय काम त कसले पो गर्ला ?

तर जब रहस्य खुल्दै आयो, लिलाबल्लभ जापान छिर्नै नपाई विमानस्थलबाटै डिपोर्ट गरिएका रहेछन् । ३६ वर्षीय दावा शेर्पा, खोटाङकै जनक राई र रसुवा घर भएका २२ वर्षीय कञ्चन देवकोटाको बयानका आधारमा प्रहरीले अहिले अनुसन्धानका लागि अधिकारीलाई हिरासतमा राखिसकेको छ । यसअघि मन्त्रीले आफूलाई कार्यकर्ताले फसाएको भन्दै अनेकन तानाबाना बुन्दै आएका थिए । उनले विभिन्न सञ्चारमाध्यममा आफूलाई बचाउने गरी समाचार पनि लेखाए ।

प्रक्रिया मिचेर विदेश पुगे पनि, मानव तस्करीको आरोप लागे पनि र सोही कारण मन्त्री पदबाट हात धुन बाध्य भए पनि उनी निर्धक्क आफू निर्दोष भएको र दशा लागेको दाबी गर्न भ्याइरहेकै थिए । तर लिलाबल्लभको तानाबानामा प्रहरीले आशंका गर्‍यो । देशभरबाट उनको नैतिकतामाथि थप प्रश्न उठ्न थाल्यो । सँगै उनी आबद्ध दल नेकपा एमाले पनि बोल्न र कारबाही गर्न बाध्य भयो । एमालेले उनलाई पार्टीको सबै जिम्मेवारीबाट मुक्त गर्‍यो । अन्ततः प्रहरीले आइतबार नियन्त्रणमा लियो ।

लिलाबल्लभको नैतिकताबाट हामीले के सिक्ने ? किनभने फौजदारी मुद्दामा वर्षौं वकालत गरेका मन्त्रीले किन विधि मिचे विदेश जाँदा ? आफू डिपोट भएको कुरा किन लुकाए ? आरोप लागेपछि राजीनामा दिंदा किन नैतिकताको पाठ सिकाए ? यस विषयका रहस्यहरू अनुसन्धानबाट खुल्दै जानेछ नै । तर लिलाबल्लभले आफूसँगै गएका युवकसँग एकै होटल बुक गर्नु, मन्त्रालयकै कागजमा युवाहरूलाई जापान भित्र्याएर उतै भगाउनेसम्मको योजना बनाउनु सानोतिनो विषय हैन । यस्ता विषयमा लिलाबल्लभबाट मन्त्रीहरूले पाठ सिकून् । अनि नैतिकता पनि सिकून् ।

# वातावरण संरक्षणमा महिला सहभागिता



■ अमृता अनमोल

> वातावरण संरक्षण नीतिमार्फत महिला सशक्तीकरण र लैंगिक समानता प्रवर्द्धन गर्न सके वातावरण संरक्षणमा दिगो प्रभाव पर्ने छ भने महिला नेतृत्व र रोजगारी प्रवर्द्धनमा पनि सहयोग पुग्ने छ । वातावरणीय व्यवस्थापन र संरक्षण कुरामा होइन, व्यवहारमा देखिने छ । अब वातावरण विनास रोकी दिगो वातावरण संरक्षण गर्न गाउँदेखि सहरसम्मका महिला जुट्न आवश्यक छ । वातावरणीय मुद्दालाई लैंगिक र महिलामैत्री बनाउनुपर्छ । टोलटोलका महिलालाई वातावरणीय विनास रोकी वातावरण संरक्षण गर्ने विधि सिकाउन आवश्यक छ ।

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हक हो । तर, पछिल्लो समय स्वच्छ र स्वस्थ वातावरण हराउँदै गएकाले वातावरण संरक्षण गर्न जरुरी छ । सामान्यतया, वातावरण संरक्षण भनेको पृथ्वीका प्राकृतिक स्रोतहरू, जैविक विविधता, पानी, हावा, माटो वनस्पति र वन्यजन्तुलाई संरक्षण र सन्तुलनमा राख्ने प्रक्रिया हो । वातावरणीय सन्तुलन कायम राख्ने हो भने प्राकृतिक स्रोतहरूलाई दीर्घकालसम्म उपयोग गर्ने बनाउनुपर्छ । वातावरणीय प्रदूषण हटाउनुपर्छ । वन र जलस्रोतको व्यवस्थापन हुनुपर्छ । जीवजन्तुहरूका बासस्थानको संरक्षण गर्नुपर्छ । वातावरण र विकासबीच सन्तुलन कायम राख्नुपर्छ । जलवायु परिवर्तनको असर कम गर्न प्रकृति, वातावरण र जैविक विविधतालाई प्रतिकूल असर पार्ने तत्त्वहरूको न्यूनीकरण गर्नुपर्छ ।

वातावरण विनासका कारण धेरै हुन सक्छन् । त्यसमध्ये वन विनास वातावरण विनासको प्रमुख कारण मानिन्छ । रुख कटानबाट जैविक विविधता, हावाको गुणस्तर र माटोको संरक्षणमा नकारात्मक असर पर्छ । वनमा बसोबास गर्ने वन्यजन्तुको बासस्थान हराउँदै जान्छ । पृथ्वीको कार्बन चक्रमा पनि असन्तुलन ल्याउँछ । वातावरण विनासको दोस्रो कारण औद्योगीकरण र सहरीकरण हो । यसले पृथ्वीका प्राकृतिक स्रोतहरूको दोहन बढाएको छ । औद्योगिक क्रियाकलापमा रसायन, धातु, र प्लास्टिकजन्य उत्पादनहरूको प्रयोगले हावा, माटो, र पानीमा विषाक्त पदार्थहरूको मात्रा बढाउँछ । कारखानाबाट निस्कने धुवाँले वायुमण्डललाई प्रदूषित बनाउँछ । यसबाहेक, प्लास्टिकको अत्यधिक प्रयोग र यसलाई नष्ट गर्ने प्रभावकारी उपायको अभावले वातावरण विनासमा ठूलो भूमिका खेलेको छ । जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जन, प्रदूषण, कृषिमा रासायनिक पदार्थको अत्यधिक प्रयोग, जलस्रोतहरूको अत्यधिक दोहन, प्राकृतिक बासस्थानको विनास, जनसंख्या वृद्धिलगायत पनि वातावरण विनासका कारण हुन् ।

वातावरण संरक्षण कसले गर्ने ? यसको सीधा जवाफ हुन्छ मानिसले । मानिसबीच पनि वातावरण संरक्षणको काममा लैंगिकरूपमा हेर्दा महिलाको भूमिका धेरै हुन्छ । महिलालाई केही सीप र शिक्षा दिने हो भने वातावरण विनास रोकिने र दिगो वातावरण संरक्षण हुने देखिन्छ । नेपाली समाजमा घरगोठ सम्हाल्ने अधिकांश महिला छन् । कृषिदेखि करेसाबारीसम्मको धेरै काम गर्ने महिला छन् । यही घरगोठ र कृषिको जिम्मेवारी सम्हाल्ने क्रममा धेरै प्राकृतिक स्रोतको उपयोग हुन्छ । प्राकृतिक स्रोतको दोहनले स्वच्छ वातावरण विनास भएको छ । कतिपय अवस्थामा खाना पकाउने इन्धनकै कारण वातावरण प्रदूषित भएको छ ।

वातावरण प्रदूषण हुँदा त्यसको असर पनि पुरुषको तुलनामा महिलालाई धेरै परेको छ । चाहे काठ, दाउरा वा भुसे चुल्होमा खाना बनाउँदा होस् चाहे काठ, दाउरा र घाँसपातको खोजीमा वनजंगलमा जाँदा वन्यजन्तुको आक्रमणमा परेर महिला नै धेरै प्रभावित भएका छन् । तिनै महिलालाई घरगोठ र कृषिको भूमिका निभाउँदा थोरै सीप सिकाए वातावरण स्वस्थ र स्वच्छ हुन्छ । सामान्य रूपमा हेरौं, घरभित्र कम पानी खर्चिंदा, बिजुली बत्ती खेर नफाल्दा, दाउराको साटो वैकल्पिक ऊर्जा प्रयोग गर्दा, घर आसपासमा करेसाबारी र फूलबारी बनाउँदा, पशुको आहारका लागि वनजंगलका घाँसपात जथाभावी काट्नुको साटो वैकल्पिक व्यवस्था गर्दा वृक्षरोपण गर्दा प्राकृतिक स्रोत व्यवस्थापन हुन्छ भने वातावरणको संरक्षण हुन्छ ।

नेपाली समाजमा धेरै महिलाको जिम्मामा भान्सा छ । भान्सा सम्हाल्दा खाना, पानी र इन्धनको जोहो महिला आफैंले गर्नुपर्छ । खाना बनाउने इन्धनका रूपमा अहिले पनि धेरै काठ, दाउराको प्रयोग हुन्छ । दाउराका लागि काठको सट्टा विद्युतीय चुल्हो, ग्यास वा गोबरग्यास प्रयोग गर्न सकिन्छ । यसले वनविनास हुनबाट रोकिन्छ । भान्सामा प्रयोग हुने कुहिने र नकुहिने फोहोरको छुट्टै व्यवस्थापन गर्नसक्ने हो भने वातावरण प्रदूषण हुनबाट रोकिन्छ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन सकिन्छ । जुन मल करेसाबारीमा प्रयोग हुन्छ । यसले माटोको जैविकता र उर्वराशक्ति बढाउँछ ।

नकुहिने फोहोर धेरैको पनि वैकल्पिक प्रयोग गर्न सकिन्छ । जस्तो कि, भान्सामा प्रयोग हुने दूध, चाउचाउ, चिउरालगायतका प्लास्टिकका खोलबाट ढकिया, कलम राख्ने होल्डर, ट्रेलगायत बनाउन सकिन्छ । थोरै सीप सिकाउने हो भने चकटी गुन्द्री बुन्ने महिलाले सजिलै प्लास्टिकबाट सजावटका सामग्री बनाउने छन् । किनमेलमा प्लास्टिकको साटो कागज वा कपडाको झोला प्रयोग गर्न सिकाए दीर्घकालीनरूपमा प्लास्टिकको प्रयोग घटाउन सकिन्छ ।

हाम्रो समुदायमा व्यक्तिगतदेखि पारिवारिक र वातावरणीय सरसफाइको भूमिका पुरुषभन्दा महिलाकै काँधमा छ । खाना बनाउने, सरसफाइ गर्नेदेखि लुगा धुने काममा पानीको कम प्रयोग गर्दा र वर्षाको पानी संकलन गरेर सदुपयोग गर्दा पानीको स्रोत जोगाउन सकिन्छ । नियमितरूपमा घर, आँगन र टोलको सरसफाइ गर्दा फोहोर हुँदैन । फहोर नभए वातावरण प्रदूषित हुँदैन । सरसफाइले वातावरण स्वच्छ बनाउन सकिन्छ ।

अहिले पनि वनमा निर्भर हुने महिलाको संख्या धेरै छ । पशु चराउन जाने र घाँस दाउरा काट्ने धेरै महिला हुन्छन् । पशु आहाराका लागि जथाभावी जंगलमा घाँस स्याउला काट्नु साटो घाँसेखेती गर्न सिकाउन सकिन्छ । पशुचरणका लागि थोरै वा छुट्टै वन छुटयाउन पनि सकिन्छ । खाली जग्गामा वृक्षरोपण गर्न सकिन्छ । यसबाट घाँसपात सहजै उपलब्ध हुन्छ । आयमूलक बोटबिरुवा लगाउँदा महिलाको आम्दानी पनि बढ्छ । वन फडानी पनि रोकिन्छ । घर अगाडि वा आसपासमा रहेको खाली जग्गामा फूलबारी वा करेसावारी बनाउन सकिन्छ । यसले घरआँगनको वातावरण स्वस्थ, मनमोहक र हरियाली बनाउँछ ।

कृषिमा संलग्न महिलाहरूले खेतीपातीका क्रममा पनि थोरै ध्यान दिँदा वातावरण जोगाउन सकिन्छ । जथाभावी रासायनिक मलको प्रयोग गर्नु साटो कम्पोष्ट मल प्रयोग गरे माटो र जैविक विविधताको संरक्षण हुन्छ । विषादीको कम प्रयोगले माटोमा जैविकता बचाउन सकिन्छ । भूमिगत पानीको अत्यधिक दोहनले जलको उपलब्धता घटाउने र कृषि क्षेत्रमा जल अभाव बढाउँछ । यसका कारण जमिनमुनिको पानीको सतह तल जान्छ र भूक्षयको खतरा पनि बढ्छ । जैविक खेतीसँगै उन्नत सिँचाइ प्रणालीको सुविधा बढाउनसके वातावरणीय संरक्षणमा सघाउँछ । स्थानीय उत्पादन बढाए लामो दूरीबाट खाद्यसामग्री ल्याउने ढुवानी रोक्न र धुँवा प्रदूषण हुनबाट बचाउन एवं कार्बन उत्सर्जन कम गर्न सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा जल, जमिन र हावालाई प्रदूषणमुक्त बनाउनु र प्राकृतिक स्रोतहरूको संरक्षण गर्नु वातावरण संरक्षण गर्नु हो । गृहस्थ जीवनमा धेरै महिला भएका कारण वातावरण संरक्षणमा महिलाको प्रत्यक्ष संलग्नता र भूमिका हुन्छ । घर गृहस्थ सम्हाल्दा पानी, ऊर्जा र खाद्य स्रोतको प्रयोग धेरै पुरुषभन्दा महिलाले गर्छन् । यिनको व्यवस्थापन र बचत विधि सिकाउने हो भने स्रोतको खपत र सदुपयोग बढ्छ । खेतीपातीमा जथाभावी रासायनिक मल र विषादी कम गर्नसके जैविक विविधता बचाउन सकिन्छ । सामग्रीको पुन:प्रयोग, फोहोर व्यवस्थापन र कम प्रदूषक पदार्थको प्रयोग गर्न सिके वातावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ । वन व्यवस्थापन र संरक्षणमा पुरुषभन्दा धेरै महिला छन् । प्राकृतिक स्रोत वनको दिगो व्यवस्थापन गरे कार्बन सञ्चतीकरण गर्न सकिन्छ ।

सबैभन्दा ठूलो कुरा वातावरण संरक्षणसम्बन्धी नीति र कार्यक्रम तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । अहिले तीन तहका सरकार छन् । स्थानीय तहका वडादेखि प्रदेश र संघीय सरकारका नीति र योजना तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । योजनाहरूलाई लैंगिक उत्तरदायी बनाउनुपर्छ । समुदाय र गैरसरकारी संघसस्थाले गरेका वातावरणीय संरक्षण र कार्यान्वयनमा महिलालाई अग्रसर बनाउनुपर्छ । समुदायमा आधारित वातावरणीय परियोजनामा महिला नेतृत्व बढाएर वातावरण संरक्षणका लाभ र फाइदामा प्रत्यक्षरूपमा सहभागी बनाउनुपर्छ । वातावरण संरक्षण नीतिमार्फत महिला सशक्तीकरण र लैंगिक समानता प्रवर्द्धन गर्न सके वातावरण संरक्षणमा दिगो प्रभाव पर्ने छ भने महिला नेतृत्व र रोजगारी प्रवर्द्धनमा पनि सहयोग पुग्ने छ । वातावरणीय व्यवस्थापन र संरक्षण कुरामा होइन, व्यवहारमा देखिने छ ।

अब वातावरण विनास रोकी दिगो वातावरण संरक्षण गर्न गाउँदेखि सहरसम्मका महिला जुट्न आवश्यक छ । वातावरणीय मुद्दालाई लैंगिक र महिलामैत्री बनाउनुपर्छ । टोलटोलका महिलालाई वातावरणीय विनास रोकी वातावरण संरक्षण गर्ने विधि सिकाउन आवश्यक छ । गृहस्थ जिम्मेवारी निभाउने महिलाले भान्सादेखि गोठसम्म र खेतबारीदेखि वनपाखासम्मका क्रियाकलापमा स्रोतको समुचित प्रयोग गर्ने र प्रदूषण कम प्रविधि प्रयोग गर्न सकिन्छ । *रासस*

## पत्र-मञ्जुषा

### बिमाको नाममा बेथिति !

बूढापाकाले भन्थे, 'हातले दियो, खुट्टालाई दु:ख ।' यतिबेला बीमितहरूको अवस्था यो उखानसँग मिल्दोजुल्दो छ । मुलुकमा थुप्रै बिमा कार्यक्रम छ । स्वास्थ्य बिमा, दुर्घटना बिमा, जीवन बिमालगायतका बिमा कार्यक्रम चर्चामा छ । स्वास्थ्य बिमा गर्न तीन हजार ५०० रूपैयाँ लाग्छ ।

त्यति तिरेपछि एउटा घरपरिवारका पाँच जना सदस्यले एक वर्षभर उपचार पाउने भनिएको छ । सवारीसाधनको पाँच हजारदेखि एक लाख रूपैयाँसम्मको बिमा कार्यक्रम छ । घरहरूको पनि बिमा हुन्छ । बिमा कम्पनीहरूको पोलिसी: फकाइफकाइ बिमा गराउन लगाउने अनि दुर्घटना भयो भने पैसा दिनचाहिँ आलटाल गर्ने ।

बिमा कम्पनीहरूले सरोकारवालालाई पैसा खान दिएर आफ्नो हकमा फैसला गराएको छ । बिमा नभएको सवारीसाधनको रुट परमिट, ब्लु बुक नवीकरण नहुने नियम छ । त्यसैले बाध्य भएर पनि बिमा गराउनैपर्छ । यी कम्पनीले बैंक तथा वित्तीय संस्थाका सञ्चालकलाई पनि हातमा लिएका छन् ।

बिमा नभएका घरलाई कर्जा नै दिइँदैन । पहिले बिमा गर अनि कर्जा लेऊ । यता, गाडीको हकमा पनि त्यही नै छ । अटोशोरुमले सवारी खरिदकर्तालाई गाडी बुकिङ गर्नेबित्तिकै बिमा गर्न लगाउँछन् । बिमाका सञ्चालकले राजनीतिक दललाई चन्दा दिएर सर्वसाधारणलाई लुटिरहेका छन् ।

बिमा गराउँदा यो-त्यो हुन्छ भनी लोभ्याउने अनि जनताको पैसा असुल्ने । कोरोनाकालमा बिमा कार्यक्रम ल्याएर बिमा कम्पनीहरूले त्यो पैसा झ्वाम्म बनाए । बैंकहरूले करोड पर्ने घरजग्गा राखेर ५० लाख दिन्छ । २० लाखको गाडी राखेर पाँच लाख दिन्छ । बैंक त सुरक्षित भइहाल्यो ।

बैंकहरूले बिमा गर्न लगाउनुको कारण प्रस्टै छ, कमिसनका लागि । बिमा कम्पनीले कमिसन दिन्छन्, त्यही कमिसन खानका लागि बैंकहरूले त्यसो गर्छन् । पछिल्लो समय बिमा बेथिति बन्दै गएको छ । बिमाको लोभमा हत्या गरिएका थुप्रै घटना हाम्रो समाजमा छ । हेटौंडामा बिमाकै कारण बुहारी मारियो । आफ्नै श्रीमान् मारेकोसम्मको घटना छ । बिमाको रकमका लागि आफ्नो पसलमा आगो लगाउँछन् । बिमा कम्पनीले नयाँ-नयाँ बिमा कार्यक्रम ल्याइरहेका छन् । उड्नेदेखि गुड्नेसम्मको बिमा गराइएको छ । स्वास्थ्य बिमा किन गरिन्छ ? उपचारमा सर्वसुलभ होस् भनेर ।

तर, महँगो उपचार छ भने बिमा कम्पनीले हात उठाउँछ । यता, अस्पतालहरूले औषधि पनि दिँदैनन् । बिरामीहरूले गएर उपचार गराउँछन्, औषधिचाहिँ पैसा हालेर किन्नुपर्छ । औषधि नै छैन भनेपछि के गर्ने ? बाहिर किन्नुपर्ने बाध्यता पर्‍यो । बिमा हरेक वर्ष नवीकरण गर्नुपर्छ । बिमा कम्पनीले खुरुखुरु पैसा लिन्छ ।

यद्यपि, पैसा दिने बेला यति दु:ख दिन्छन् कि के भन्ने ? पैसा लिँदाचाहिँ हजुर र तपाईं, दिने बेलाचाहिँ दाँतबाट पसिना निकाल्छन् । प्रहरीको कागजात, अस्पतालको कागजात, यो-त्यो भन्दाभन्दै पीडित झन् पीडित हुन्छन् । बिमा गराउँदा मापदण्डबारे केही जानकारी गराउँदैनन् । बस्, फाइदामात्र देखाउँछन् । त्यही फाइदामा लोभिएर बिमा गराइन्छ, पछि त्यत्रो दु:ख हुन्छ भन्ने के थाहा ? सर्वसाधारणहरूले बिमा कम्पनी 'ठग' हुन् भन्न थालेका छन् । सरकारदेखि लिएर निजी क्षेत्रसम्मलाई कमिसन खुवाएर हातमा लिने अनि सीधासाधी जनता लुट्ने ।

म्यानपावर, कन्सल्टेन्सी र सहकारीपछि 'ठग' को सूचीमा बिमा कम्पनी पनि समेटिँदै छ । बिमा कम्पनीहरूको ठगीधन्दाको पोलिसी विस्तारै बाहिर आउँदै छ । नियामक निकाय यी संस्थाको ठगीधन्दाको रमिता हेरेर बसेको छ । बिमाको नाममा जनता ठगिँदै छन् तर सरोकारवालालाई मतलब छैन ।

पर्दाभित्र बस्ने, बजारमा एउटा पोलिसी फर्याँकिदिने अनि लुट्ने । यस्तो धन्दामा रोक लाग्न जरुरी भइसकेको छ । भागै-भागको खेलमा सधैं जनता लुटिएका छन् । सर्वसाधारणले बिमाको नाममा तिरेको पैसा देशका उच्च पदस्थसम्मको हातमा पुग्ला । किनकि यो देश नै कमिसनमा चलेको छ ।

यहाँ बाहिर देखिने एउटा छन्, पर्दाभित्र अर्को । सर्वसाधारण पनि लोभमा फस्नु भएन । पछिल्ला दिन सर्वसाधारणको आँखा खुलिरहेको छ । विगतमा बिमा गरेकाहरूले नवीकरण गर्न छोडेका छन् । एकचोटि ठगिएपछि को अर्कोचोटि ठगिन चाहन्छ र ? नयाँ बिमा गर्नेहरूको संख्या पनि न्यून छ ।

कर्जा तिर्न नसकेकाहरूको तीनपुस्ते धमाधम बैंकले पत्रिकामा निकालिरहेको छ । एकातिर बैंकले पत्रिकामा नाम निकालेको छ, अर्कोतिर बिमा कम्पनीलाई पैसा पनि तिरिरहेको छ । कमिसनका लागि ऋणीको टाउकोमा थप ऋण थुपारिदिने काम भइरहेको छ । केही समयअघि एउटा गीत आएको थियो, 'लुट्न सके लुट कान्छा, नेपालमै छ छुट ।'

यो वास्तविक नै रहेछ । बाठाटाठाले सीधासाधीलाई जति 'मुर्गा' बनाए पनि कसैले छुन सक्ने होइन । मुलुकमा कानुन छ । तर, 'ठग' हरूको अगाडि कानुन निरीह बनेको छ । कानुन सीधासाधी जनताको हकमा मात्र लागू हुनेजस्तो भएको छ । 'ठग' हरूलाई सहयोग गर्ने सरकार नै हो ।

कमिसन खाएर लाइसेन्स बाँड्ने अनि अनुगमन नगर्ने । सहकारीलाई मनोमानी गर्न छुट दिँदा हजारौं जनताको बिल्लीबाठ भएको छ । बिमाले कतिलाई ठग्ने हो ? यहाँ त लाइसेन्सको मतलब ठग्ने स्वीकृतिजस्तै भएको छ । अहिले त खाडीमा काम गर्न जानुपर्‍यो भने पनि बिमा गर्नुपर्छ । सरकार रोजगारी दिन सक्दैन, ऋण लिएर सर्वसाधारण विदेश जान परेको हुन्छ, त्यसमाथि पनि बिमाको बोझ !

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मनन्योग्य

### चाणक्य नीति

'कुशल त छ आचार्य ।' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोर्‍याएर भन्यो- आचार्य । अब पनि समय छ ! चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दु:ख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला । चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद । चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन् ।

हुँ .... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुन: राजभवनतिर लागे ।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो । बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो ।

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो । ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन ।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो । दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो । कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य । ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ । यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो । हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए । **क्रमश :**

# कालीकोट जिप दुर्घटनामा ७ जनाको मृत्यु, १२ घाइते

मान्म (प्रस)- कालीकोटको पलाता गाउँपालिका-३ राडुनेटामा जिप दुर्घटना परेर सात जनाको मृत्यु भएको छ। आइतबार भएको दुर्घटनामा मृत्यु भएका उनीहरूको पहिचान खुलेको छ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी नायव उपरीक्षक टेकबहादुर रावतका अनुसार मृत्यु हुनेमा पलाता गाउँपालिका-६ की दसकला शाही, सोही ठाउँका पदम बम, भगवती रोकाया र गणेश शाही, पलाता-५ की छाया शाही तथा पलाता-३ का दमन रोकाया रहेका छन्।

यस्तै दुर्घटनामा परेर घाइते हुनेहरूमा पलाता-६ का केशव थापा, किशोर थापा, विजय थापा, रिदम शाही, प्रतीक्षा शाही, आशिष रोकाया र भुपेन्द्र रोकाया, पलाता-३ का दानबहादुर रोकाया, निर्मला रोकाया र जगत रोकाया, ठेगाना नखुलेका जिपका चालक धनिराम रावत तथा पलाता-५ का दोली विक र आयुशा विक रहेका प्रहरीले जनाएको छ।

घाइते १२ जनाको उद्धार गरी नेपाली सेनाको हेलिकप्टरमा उपचारका लागि कर्णाली प्रादेशिक अस्पताल सुर्खेत लगिएको प्रहरीले जनाएको छ। पलाता गाउँपालिका-५ खिनदेखि थिर्पुतर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ५६ नम्बरको जिप दुर्घटनामा परेको हो।

# रित्तिँदै 'तिब्बतीयन क्याम्प,' जीर्ण बन्दै घर

**ढोरपाटन (बागलुङ)**- ढोरपाटन उपत्यका नजिकै एउटा सानो बस्ती छ। बस्तीमा पुग्दा केही चिटिक्क सजिएका, केही जीर्ण बनेका घर देखिन्छन्। काठैकाठ र माटोढुंगाले बनेका बार्दलीसहितका अधिकांश घरमा ताला लगाइएको छ।

एक दशक अघिसम्म ती घरमा मानिसको बसोबास थियो। अहिले भने यहाँका अधिकांश घर सुनसान छन्। दशकौंदेखि बस्दै आएका तिब्बतीयन शरणार्थीले ढोरपाटन छोड्दै गएपछि बस्ती रित्तो बन्दै गएको हो। वि.सं. २०१८ मा तिब्बतबाट आएका शरणार्थी पोखरा, काठमाडौंलगायत ठूला सहरमा जान थालेपछि बस्ती रित्तिन थालेको हो।



ढोरपाटन नगरपालिका-६ को छेन्तुङ र वडा नं ९ को स्यालपाखेमा बस्दै आएका तिब्बतीयन शरणार्थीले ढोरपाटन छोड्न थालेपछि यहाँ बनेका घर जीर्ण बन्दै गएका स्थानीय बताउँछन्।

खेतीपाती र पशुपालन गरेर जीविकोपार्जन गर्दै आएका शरणार्थीले अवसर खोज्दै सहर पस्न थालेपछि बस्ती रित्तो बन्दै गएको ढोरपाटन होटल व्यवसायी संघका अध्यक्ष जीवन पुनले बताए। पहिले स्यालपाखे र छेन्तुङ गाउँमा ठूलो संख्यामा शरणार्थी बस्ने गरेमा अहिले बसोबास गर्ने घट्दै गएका उनको भनाइ छ।

'ढोरपाटनमा पहिले धेरै शरणार्थीको बसोबास थियो, अहिले विस्तारै बस्ती खाली हुन थालेको छ। अवसर खोज्दै बजारतिर बसाइँसराइ गर्न लागेपछि अहिले गाउँमा बुढापाका मात्र छन्,' पुनले भने, 'विकासका हिसाबले ढोरपाटन पछाडि रहेकाले पनि युवा अवसर खोज्न सहर तथा विदेश फस्न थालेका हुन्।'

नोर्जेलिङ तिब्बतीयन क्याम्प ढोरपाटनकी सचिव छिरिङ भुदीले अहिले ढोरपाटनमा करिब ४० जनाको मात्र बसोबास रहेको जानकारी दिए। आफ्नो बाउ र बाजे करिब ५३ वर्षअघि यहाँ आएका भन्दै अहिले क्याम्पमा बुढापाका मात्र रहेका उनले उल्लेख गरे।

राज्यबाट यहाँका शरणार्थीलाई आधारभूत सेवा उपलब्ध हुनुपर्नेमा भुदीले जोड दिए। क्याम्पमा बस्दै आएका हुनेखानेहरू सहर झरेपछि अहिले सामान्य परिवारका शरणार्थीमात्रै यहाँ बस्ने गरेका उनले बताए। 'पहिला यहाँ धेरै शरणार्थी बस्ने गरेका बुबा र हजुरबुबाले भन्नुहुन्थ्यो। अहिले घटेर ४० जना भएका छौं,' भुदीले भने, 'मानिस बसाइँसरी जान थालेपछि अधिकांश घर जीर्ण बन्दै गएका छन्।'

जिल्ला प्रशासन कार्यालय बागलुङका अनुसार पछिल्लो तीन वर्षमा शरणार्थी परिचयपत्र नवीकरण गर्नेको संख्या पनि कम हुँदै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा ५६, आव २०७९/८० मा ५३ र गत आवमा ५० जनाले परिचयपत्र नवीकरण गरेका छन्। *रासस*

# 'सामाचकेवा आत्मानुशासनको पर्व'




**महेन्द्रनगर (धनुषा)**- मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र मैथिली विकास कोषद्वारा जनकपुरधाममा आयोजित सामाचकेवा मूर्तिकला निर्माण कार्यशालाको आइतबार उद्घाटन गरेका छन्।

मुख्यमन्त्री सिंहले मधेसका पर्व तिहारले सामाजिक सम्बन्धलाई सुदृढ बनाउन तथा नयाँ पुस्तामा आत्मानुशासन तथा समूहबद्ध भएर काम गर्ने संस्कार र चेतना दिनुका साथै असल जीवनशैलीको अभ्यासका लागि प्रेरित गर्ने बताए। उनले सामाचकेवा पर्वले भाइबहिनीबीचको स्नेहलाई प्रकट मात्र गर्ने नभएर टोल छिमेकसँगको कसिलो र सार्थक सम्बन्ध तथा तथा त्यसबाट सकारात्मक परिणाम खोज्ने रीति रहेको पर्वका क्रममा उधिन्ने विषयवस्तु, परिवेश र पात्रहरूले आदर्श समाज निर्माणको परिकल्पना गरेको बताए।

सबै चाडपर्वका पछाडि आध्यात्मिक, वैज्ञानिक र भौतिक चेतनासँग जोडिएका मूल्यमान्यता रहेको प्रस्ट पार्दै मुख्यमन्त्री सिंहले सांस्कृतिक तथा परम्परागत पर्व तिहारको प्रवर्द्धनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे। उनले सामाचकेवाका पात्रहरूको परिचय र महत्त्वसहितको आधिकारिक विवरण समेटिएको श्रव्यदृश्य निर्माण गर्न सञ्चारकर्मीहरूसँग आग्रह गरे। उनले भने, 'सांस्कृतिक उत्सव र यसभित्रका अन्तर्वस्तुको अभिलेखीकरण हुने छ।'

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीले अनुसन्धान, सिर्जना र सम्मान गर्ने उद्देश्यले सामाचकेवासम्बन्धी कार्यशाला आयोजना गरिएको उल्लेख गर्दै मूर्तिकलामा निपुणताबाट जीविकोपार्जनको अवसर जुर्नसक्ने बताए। उनले कार्यविधिबाट नभएर ऐनबाटै मधेसमा प्रज्ञा-प्रतिष्ठान गठन गर्न सुझाव दिए।

मधेस प्रदेशसभा सदस्य रामसरोज यादवले संस्कृति उत्थानका लागि मैथिली विकास कोषले काम गरिरहेकामा त्यसको सराहना गरे। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले सामाचकेवा लोपनभईसामाचकेवाकापात्रहरूका बारेमा परिचय तथा भूमिका पुनःस्थापित हुन आवश्यक रहेको बताए। साहित्यकार डा. राजेन्द्र विमलले मिथिलाञ्चलका परम्परा पछाडि जीवनमूल्य रहेको उल्लेख गरे।

प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख एवं प्राज्ञ सदस्य दिनेश महतोले रैथाने कलालाई इतिहासका पानामा हराउन नदिन नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्ने बताए। कोषका अध्यक्ष जीवनाथ चौधरीले सामाचकेवाका मूर्ति निर्माण कार्यशालाबाट नयाँ पुस्तामा समेत आफ्ना परम्परागत कला सिक्न र जगेर्ना गर्ने कौशल हासिल हुने बताए। उनले जनकपुरधाम तथा यहाँका धरोहरको गौरव गरिमा वृद्धि गर्नेगरी जनक र जानकीको मूर्ति उत्पादन गर्नुका साथै बिक्री-वितरण गर्ने प्रबन्ध हुनुपर्नेमा जोड दिए।

# बाढीपहिरोबाट भएको क्षतिको पूर्णविवरण पठाउन निर्देशन

**काभ्रेपलाञ्चोक (प्रस)**- गत असोज दोस्रो साताको बाढीपहिरोले जनधनको क्षति पुऱ्याएकाबारे छिटो पूर्णविवरण पठाउन स्थानीय तहलाई जिल्ला विपद् व्यवस्थापन समिति काभ्रेपलाञ्चोकले निर्देशन दिएको छ। धुलिखेलमा आइतबार बसेको समितिको बैठकले स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतलाई यस्तो निर्देशन दिएको हो।

हालसम्म स्थानीय तहले क्षतिको पूर्णविवरण उपलब्ध नगराउँदा राहत तथा पुनर्निर्माणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत आउने सरकारी राहत उपलब्ध गराउन समस्या भएको त्यस अवसरमा जानकारी दिइयो। प्राधिकरणको वेबसाइटमा क्षतिको पूर्णविवरण 'इन्ट्री' गरी काभ्रेपलाञ्चोक प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समितिमा विवरण बुझाउन निर्देशन दिएको समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए।

गत असोज १० देखि १२ सम्म परेको अविरल वर्षासँगैको बाढीपहिरोले यहाँका विभिन्न स्थानीय तहमा धेरै जनधनको क्षति भएको थियो। जिल्लामा ७९ को मृत्यु भएको थियो भने छ जना अझै बेपत्ता छन्। प्रारम्भिक विवरणअनुसार जिल्लामा निजी आवासतर्फ करिब चार हजार घरमा पूर्ण, सात हजार घरमा आंशिक, तीन दर्जन सरकारी भवन तथा सोही संख्यामा सार्वजनिक भवनमा पूर्णक्षति भएको जनाइएको छ।


## रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको
## भुलसुधार गरिएको सूचना

